# स्थानीय राजपत्र

**छत्रकोट गाउँपालिका, गुल्मीद्वारा प्रकाशित**

**खण्डः ४) छत्रकोट गाउँपालिका, मितिः २०७७/१२/२३ (संख्याः १३**

## भाग–२

## छत्रकोट गाउँपालिका, गुल्मी

## २०७७ सालको कार्यविधि नं. १३

## कार्यविधिको नाम : छत्रकोट गाउँपालिकाको बाँझो जग्गा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७

कार्यपालिकाबाट स्वीकृत मितिः२०७७।१२।२०

**प्रस्तावना :**

कृषि विकासमा पर्याप्त टेवा पुऱ्याउँदै कृषि पेशामा बृहत्तर सुधारका साथै व्यावसायिक विकासका लागि छत्रकोट गाउँपालिका भित्र खाद्य सम्प्रभुताको हकलाई सुनिश्चीत गर्दै, कृषि योग्य जमीन बाँझो जग्गाको रुपमा रुपान्तरणको वर्तमान परिस्थितिमा गह्रा सुधार चक्लाबन्दी सहित जमीनको समुचित संरक्षण गरी उत्पादनको स्रोतको रुपमा रहेको भूमिको अव्यवस्थित तथा बाँझो अवस्थालाई आधुनिक खेती प्रणालीको

माध्यमबाट सुधार गर्दै बिदेसमा रोजगारको लागि जाने युवा जनशक्तीलाई रोजगारी प्रदान गर्न व्यक्ति वा समूह वा कृषि तथा पशु सहकारी संस्था वा कृषि तथा पशु बिशिष्टिकृत सहकारी संघ लि. को सहभागितामा गाउँपालिका भित्र बाँझो रहेका ब्यक्ती, फर्म वा अन्य सार्वजनिक स्वामीत्वमा रहेका जग्गालाई भूबनौटको आधारमा खाद्यवाली, नगदेवाली, मौसमी तथा बेमौसमी तरकारी खेती, पशुपालन, पंक्षीपालन, मत्स्यपालन आदिबाट कृषिजन्य बस्तुको उत्पादनमा बृद्धि गर्न वाञ्छनीय भएकोले छत्रकोट गाउँपालिकाले बनाएको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी मिति २०७७ १२ । २० गतेको निर्णयले यो **“बाँझो जग्गा ब्यबस्थापन सम्बन्धी कार्यविधि, २०७७”** स्वीकृत गरी लागू गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नामः छत्रकोट गाउँपालिकाको **बाँझो जग्गा ब्यबस्थापन सम्बन्धी कार्यविधि, २०७७”** रहेको छ ।

(२) यो कार्यविधि छत्रकोट गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भए पश्चात् छत्रकोट गाउँपालिका क्षेत्र भर लागू हुने छ ।

**२. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) “गाउँपालिका” भन्नाले छत्रकोट गाउँपालिका सम्झनु पर्छ ।

(ख) “विषयगत कृषक वा कृषक समूह” भन्नाले वाली अनुसार विषयगत रुपमा छत्रकोट गाउँपालिका भित्रका कुनै निश्चित स्थानका न्युनतम १५ जना

सम्म कृषक आबद्ध भई गाउँपालिकामा दर्ता भएको कृषक वा कृषक समूह सम्झनु पर्छ ।

(ग) "कृषि सहकारी संस्था लि. वा कृषि तथा पशु बिशिष्टिकृत सहकारी संघ लि. " भन्नाले छत्रकोट गाउँपालिकामा सूचिकृत भई छत्रकोट गाउँपालिका भित्रका वडाहरुमा क्रियाशिल कृषि सहकारी संस्था सम्झनु पर्छ ।

(घ) "सदस्य" भन्नाले कृषक समूह वा कृषि सहकारी संस्था लि.वा कृषि तथा पशु बिशिष्टिकृत सहकारी संघ लि का सदस्यलाई सम्झनु पर्छ । (

(ङ) "सरोकारवाला" भन्नाले कृषि वस्तु उत्पादन एवं बजार प्रबर्द्धन कार्यमा आवद्ध संघ संस्था वा व्यक्तिलाई बुझ्नु पर्दछ ।

(च) "जग्गा धनी" भन्नाले प्रचलित कानून वमोजिम नेपाल सरकारको आधिकारीक निकायमा दर्ता भई तिरोभरो चलेको आधिकारिक श्रेस्ताधारी व्यक्ति वा संस्था सम्झनु पर्छ र सो शव्दले निजका हकवाला समेतलाई जनाउने छ ।

(छ) "खेतीवाला वा किसान" भन्नाले जग्गा धनीको सहमती वा समितिको सिफारिसमा खेती गर्ने व्यक्ति वा समूह वा सहकारी सम्झनु पर्छ ।

(ज) "समिति" भन्नाले छत्रकोट गाउँपालिका स्तरीय बाँझो जग्गा ब्यबस्थापन समितिलाई सम्झनु पर्छ र सो शब्दले वडा स्तरीय बाँझो जग्गा ब्यबस्थापन समिति समेतलाई जनाउनेछ ।

## परिच्छेद–२

### उद्देश्य तथा कार्यहरु :

३. **उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ,-

(१) छत्रकोटबासी कृषकहरुको सामाजिक, आर्थिक, व्यवसायिक हितलाई ध्यानमा राखी अव्यवस्थित रुपमा रहेको खेतीयोग्य बाँझो जग्गालाई उर्वर बनाउने ।

(२) कृषि पेशालाई आधुनिकीकरण एवं विविधिकरण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्दै व्यवसायिक खेती गर्न उत्प्रेरित गर्ने ।

(३) समूह,निजि फार्म वा सहकारीका सदस्यहरुमा स्वावलम्बनको ज्ञान पारस्परिक सहयोग र मितव्ययीताको भावना सिर्जना गर्ने ।

(४) आर्थिक तथा सामाजिक विकासमा व्यावसायिक कृषि पेशाको योगदान अभिवृद्धि गराउने ।

(५) खाद्यसम्प्रभुताको हकलाई सुनिश्चित गर्दै, बाँझोरुपमा रहेको कृषियोग्य जमिनलाई भूबनौट अनुसार खाद्यवाली, नगदेवाली, पशुपालन, पंक्षीपालन, मत्स्यपालन आदि बाट कृषिजन्य बस्तुको उत्पादनमा बृद्धि गर्ने । साथै खेति गरीरहेको जग्गालाई पनि प्राथमिकताको आधारमा सहयोग गर्न सक्नेछ ।

(६) सामूहिक तथा व्यवसायिक खेती गर्न उत्प्रेरित गर्ने ।

४. **कार्यहरु :** समितिले उद्देश्यहरु प्राप्तीका लागि देहाय बमोजिमका कार्यहरु गर्नेछ,-

(१) खाली जग्गाको अवस्थिती र अनुमानित क्षेत्रफलको वडागत रेकर्ड राख्ने ।

(२) बाँझोरुपमा रहेको जग्गाको बिबरण तयार गरी उक्त जग्गामा खेती गर्न व्यक्ति, समूहनिजि फार्म वा सहकारीलाई उत्प्रेरित गर्ने ।

(३) खनजोत गरी उत्पादित कृषि उपजको बजारीकरणको सुनिश्चितता गाँउपालिका वा सहकारी मार्फत गर्ने ।

(४) प्रचलित कानून बमोजिमको जग्गाको कर तिरो, भरो स्वयं जग्गा धनीले नै तिर्नुपर्ने ।

(५) कृषि विकासकालागि संभाव्यता अध्ययन, समस्या पहिचान र समाधानका उपाय अवलम्बन गर्ने ।

(६) कृषि कार्यक्रमको कार्यान्वयन गर्ने, संचालित कार्यक्रमको अनुगमन गर्ने तथा पृष्ठपोषण दिने ।

## परिच्छेद –३

## समिति गठन

**५. समितिको गठन प्रकृया** : गाउँपालिका बाँझो जग्गा ब्यबस्थापन समिति गठन प्रकृया देहाय बमोजिम हुनेछ,-

(१) वडास्तरीय बाँझो जग्गा ब्यबस्थापन समिति ।

(२) गाउँपालिका स्तरीय बाँझो जग्गा ब्यबस्थापन समिति ।

(३) वडा स्तरीय बाँझो जग्गा ब्यबस्थापन समिति वडा अध्यक्षको संयोजकत्वमा र वडामा कार्यरत कर्मचारी सदस्य सचिव रहने गरी समावेशीताको आधारमा वढीमा सात सदस्य सम्मको हुनेछ ।

(४) गाउँपालिका स्तरीय बाँझो जग्गा ब्यबस्थापन समितिमा गाउँपालिकाका अध्यक्ष वा निजले तोकेको ब्यक्तिको अध्यक्षतामा वडास्तरीय बाँझो जग्गा ब्यबस्थापन समितिका संयोजक वा निजले तोकेका सदस्य प्रत्येक वडाबाट १ । १ जना प्रतिनिधि हुने गरी प्रशासकीय अधिकृत वा निजले तोकेको गाउँपालिकाको अधिकृत सदस्य सचिव रहने गरी बढीमा ९ जना सम्मको हुनेछ ।

६. **वडा स्तरीय बाँझो जग्गा ब्यबस्थापन समितिको काम, कर्तव्य र अधिकार :** वडा स्तरीय बाँझो जग्गा ब्यबस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,-

(१) वडा स्तरमा रहेका कृषक वा कृषक समूह, कृषि सहकारी संस्था लि. तथा अन्य सरोकारवालासँग समन्वय गरी बाँझो जग्गाको उपयोग सम्बन्धी योजना तयारी र कार्यान्वयन गर्ने ।

(२) बाँझो जग्गामा खेती गर्न जग्गा धनी, संधियार वा सम्बन्धित सारोकारवालासँग समन्वयात्मक भूमिका निर्वाह गर्ने ।

(३) बाँझो जग्गाको ब्यबस्थापन भए नभएको अनुगमन, निरीक्षण तथा पृष्ठपोषण प्रदान गर्ने ।

(४) बाँझो जग्गाको अवस्था, प्रारम्भिक तथ्याङ्क एवं प्रोफाइल लिई अनुसूची-१, बमोजिमको फाराम भरी अध्यावधिक गरी वडा समितिमा पेश गर्ने ।

(५) खेतीवाला कृषकलाई नीतिगत रुपमा सुझाव प्रदान गर्ने ।

(६) वडा स्तरमा खाद्य सुरक्षाको विश्लेषण गर्ने ।

(७) गाउँपालिकाबाट कृषिसँग सम्बन्धित कुनै कार्य तोकेमा जिम्मेवारी साथ कार्य सम्पन्न गर्ने ।

(८) खेतीयोग्य सरकारी बाँझो जग्गाको व्यवस्थित र व्यवसायिक उपयोगका लागि गाउँपालिकामा सिफारिस गर्ने ।

(९) निजी जग्गाको लगत तयार गरे पश्चात सार्वजनिक जग्गा पहिचान तथा वडाका अतिक्रमित सार्वजनिक एवं संरक्षण र ब्यबस्थापन गर्न सकिने जग्गाहरुको विवरण तयार गरी वडा समिति मार्फत पालिकास्तरीय बाँझो जग्गा ब्यबस्थापन समितिमा पेश गर्ने ।

**७. गाउँ स्तरीय बाँझो जग्गा ब्यबस्थापन समितिको काम, कर्तव्य र अधिकार** : पालिकास्तरीय बाँझो जग्गा ब्यबस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,-

(१) बाँझो जग्गाको ब्यबस्थापन सम्बन्धमा कृषि क्षेत्रको विकासका लागि गाउँपालिकालाई नीतिगत रुपमा सुझाब दिने ।

(२) बाँझो जग्गा ब्यबस्थापन सम्बन्धी नीति तथा कार्यक्रम अनुसारको कृषि विकास क्रियाकलापमा सहकार्य गर्ने ।

(३) वडा स्तरीय बाँझो जग्गा ब्यबस्थापन समितिबाट संकलन भएका तथा पालिकास्तरमा प्राप्त माग/प्रस्तावहरुको विश्लेषण गरी महत्वपूर्ण कार्यको प्राथमिकता तोकी गाउँपालिकामा आवश्यक सहयोगका लागि सिफारिस गर्ने ।

(४) गाउँपालिकाको व्यवहारिक तथा व्यवसायिक कृषि कार्यक्रम छनौटमा सहयोग गर्ने ।

(५) गाउँपालिकाबाट बाँझो जग्गा ब्यबस्थापन सम्बन्धि कार्यहरु तोकेमा जिम्मेवारी साथ कार्य सम्पन्न गर्ने ।

(६) गाउँपालिकाबाट संचालित बाँझो जग्गा ब्यबस्थापन सम्बन्धी कार्यक्रमको अनुगमन/निरीक्षण गरी गाउँकार्यपालिकामा प्रतिवेदन पेश गर्ने ।

(७) गाउँक्षेत्र भित्र बाँझो जग्गा ब्यबस्थापन तथा प्रबर्द्धनको लागि आवश्यक पर्ने कार्यक्रमको लागि सम्बन्धित निकायहरुसँग समन्वय गर्ने ।

(८) वडा स्तरबाट प्राप्त सूचना तथा तथ्याङ्कको आधारमा गाउँको खाद्य सुरक्षा अवस्था विश्लेषण गर्ने ।

(९) जग्गावाला र खेतीवाला किसानको बिचमा विवाद भएमा उक्त विवादको समाधान गर्ने ।

(१०) वडास्तरीय बाँझो जग्गा ब्यबस्थापन कार्य समितिको काम कारवाहीको अनुगमन गरी सुझाव दिने ।

(११) बाँझो जग्गाको सबै वडाको लगत प्राप्त भए पश्चात गाउँकार्यपालिकामा पेश गर्ने ।

**८. समितिको बैठक :**

(१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) संयोजकको निर्देशनमा सदस्य सचिवले समितिको बैठक बोलाउनेछ ।

(३) समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ ।

(४) समितिमा तत्काल कायम रहेका कूल सदस्य संख्याको ५० प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) बैठकको निर्णय समितिको निर्णय मानिने छ तर मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछन् ।

(६) समितिको बैठकको निर्णय सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

(७) समितिको बैठकमा आबश्यक देखिएमा सम्बन्धित विषयको विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(८) समितिको बैठक संचालन सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-४

## विविध

**९. कार्यविधिमा संशोधनः** गाउँ कार्यपालिकाको बैठकबाट कार्यविधिमा समय सापेक्ष संशोधन गर्न सकिने छ ।

**१०. आर्थिक पक्षः** समितिको बैठकमा सहभागी सदस्यहरुलाई नियमानुसार खाजा र यातायात खर्चको व्यवस्था गरिने छ ।

**११. जरिवानाः** जग्गा धनीले सम्बन्धित संधियार वा कृषि समूह वा सहकारी संस्था/संघ लाईं खेतीवाली लगाउन अवरोध गरेमा समितिले उब्जनीको आँकलन गरी दोब्बर जरिवाना गर्न सक्ने छ। यस्तो जरिवानाको रकम गाउँपालिकाको संचित कोषमा आम्दानी बाधिनेछ।

**१२. बचाउः** यस अघि प्रचलित कानून अनुसार बाँझो जग्गा ब्यबस्थापन सम्बन्धी भए गरेका कामकारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

प्रमाणिकरण मितिः २०७७।१२।२३

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत